अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १० , संख्या: ०४ , गोरखा, असार २४ गते २०८३ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ को बार्षिक बजेट बक्तब्य वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

# आर्थिक वर्ष २०८३/०८४ को बार्षिक बजेट बक्तब्य

## अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भच्चेक, गोरखा
## गण्डकी प्रदेश, नेपाल
## २०८३

सभाध्यक्ष महोदय,

तथा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,

नेपालको संविधानको धारा २३० बमोजिम यस गरिमामय गाउँसभाको बैठकमा आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको अनुमान (बजेट) प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गौरवको अनुभूति भएको छ।

सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना, राष्ट्रिय एकता, लोकतन्त्र, समावेशिता तथा नागरिक अधिकारको सुनिश्चितताका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, जनजाति आन्दोलन, Gen-z आन्दोलन तथा अन्य लोकतान्त्रिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, आन्दोलनका क्रममा बेपत्ता हुनुहुने, घाइते तथा अपाङ्गता भएका योद्धाहरू, अग्रज व्यक्तित्व तथा सम्पूर्ण नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक कृतज्ञता प्रकट गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको **समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय आकांक्षा तथा आजिरकोट गाउँपालिकाको दोस्रो आवधिक योजनाको सोच **कृषि, पर्यटन, उर्जामा जोडः समृद्ध,सुखी हाम्रो अजिरकोट"** लाई साकार पार्न गाउँपालिका निरन्तर क्रियाशील रहेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा सुशासन, सेवा प्रवाह, आर्थिक विकास, सामाजिक न्याय, समावेशी विकास तथा दिगो विकासका आधारहरू निर्माण गर्न प्रतिबद्ध रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै गाउँपालिकाले स्थानीय कानून निर्माण, संस्थागत सुदृढीकरण, जनशक्ति व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा सुधार, विकासका अवसरहरूको न्यायोचित वितरण, स्थानीय स्रोत-साधनको संरक्षण तथा उपयोग, नागरिक सहभागितामा आधारित विकास, न्याय सम्पादन तथा सरकारी, निजी र सहकारी क्षेत्रसँग सहकार्य एवं साझेदारीमार्फत समृद्ध अजिरकोट निर्माणको अभियानलाई निरन्तर अघि बढाइरहेको छ।

मुलुकको अर्थतन्त्रमा देखिएको आर्थिक शिथिलता, सीमित स्रोत-साधन, बढ्दो बेरोजगारी, जलवायु परिवर्तनका प्रभाव तथा विपद्जन्य जोखिमले स्थानीय अर्थतन्त्रमा समेत प्रभाव पारेको छ। कृषि, उद्योग, व्यापार, पर्यटन तथा सेवा क्षेत्रले अपेक्षित गति लिन नसकेको वर्तमान अवस्थामा उत्पादनशील क्षेत्रको प्रवर्द्धन, उद्यमशीलताको विकास, रोजगारी सिर्जना तथा स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउँदै दिगो आर्थिक वृद्धि हासिल गर्ने दिशामा यो बजेट केन्द्रित रहेको छ।

स्थानीय अर्थतन्त्रका चुनौतीहरूको सम्बोधन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, स्वरोजगारीका अवसर विस्तार गर्ने, गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने, भौतिक पूर्वाधारको विस्तार गर्ने, पर्यटन, कृषि तथा प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्ने, जैविक विविधताको संरक्षण गर्ने, वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्ने तथा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य पछाडि परेका वर्गहरूको सशक्तीकरणमार्फत सामाजिक न्यायसहितको

समावेशी विकास सुनिश्चित गर्ने उद्देश्यले यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

यस बजेट तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहका एकल तथा साझा अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिसहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, संघ तथा गण्डकी प्रदेश सरकारका नीति, योजना, कानुन, दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय तथा प्रदेशस्तरीय क्षेत्रगत नीतिहरू, गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रम तथा गाउँ कार्यपालिकाबाट भएका निर्णयहरूलाई मार्गदर्शक आधारका रूपमा लिएको छ।

त्यसैगरी, सहभागितामूलक बजेट तर्जुमा प्रक्रियालाई पूर्ण रूपमा अवलम्बन गर्दै वडा तहमा सम्पन्न भएका वडाभेला तथा बस्तीस्तरीय छलफलबाट प्राप्त आवश्यकता र प्राथमिकताहरू, वडा समितिहरू, विषयगत समितिहरू तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त सुझावहरूलाई समेटिएको छ। साथै राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरू, सामाजिक तथा सामुदायिक संघ-संस्था, सहकारी संस्था, कृषक, उद्यमी, व्यवसायी, शिक्षक, बुद्धिजीवी, महिला समूह, युवा क्लब, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सञ्चारकर्मी, नागरिक समाज, देश तथा विदेशका विभिन्न स्थानमा रहनुभएका अजिरकोटवासी दाजुभाइ तथा दिदीबहिनीहरूबाट प्राप्त रचनात्मक सुझाव, सल्लाह र पृष्ठपोषणलाई समेत यस बजेट निर्माणको महत्वपूर्ण आधारका रूपमा ग्रहण गरिएको छ।

आगामी वर्षको बजेट तर्जुमा गर्दा स्थानीय अर्थतन्त्रमा देखिएका चुनौतीहरूको समाधान गर्दै नागरिकमा आशा, भरोसा र उत्साहको वातावरण सिर्जना गर्ने जिम्मेवारीबोध गरेको छु। यस अभियानलाई सफल बनाउन सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी, नागरिक समाज, विकास साझेदार संस्था, गैरसरकारी संस्था, सञ्चार क्षेत्र, शैक्षिक संस्था, विदेशमा रहनुभएका अजिरकोटवासी तथा सम्पूर्ण आम नागरिकको सक्रिय सहयोग, सहभागिता र ऐक्यबद्धताबाट बजेटका लक्ष्यहरू सफलतापूर्वक हासिल गर्न सकिनेमा पूर्ण विश्वास लिएको छु।

अजिरकोट गाउँपालिकाको दोस्रो आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच, लक्ष्य तथा प्राथमिकतालाई आत्मसात गर्दै नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यका साथ यो बजेट तर्जुमा गरिएको छ। यस बजेटले गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको विस्तार  कृषि, पशुपालन, उर्जा, पर्यटन, उद्यमशीलता तथा स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जनमा वृद्धि, कृषक तथा युवा उद्यमीहरूको सशक्तीकरण, सुरक्षित खानेपानी, सरसफाइ तथा आधारभूत पूर्वाधारमा नागरिकको सहज पहुँच विस्तार, गरिबी न्यूनीकरण, सामाजिक न्याय तथा समावेशी विकासको सुनिश्चितता, सुशासन, पारदर्शिता र सूचना प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहको सुदृढीकरण, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण, साथै महिला, बालबालिका, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको सशक्तीकरणलाई उच्च प्राथमिकतामा राख्दै दिगो, समावेशी, समुन्नत र समृद्ध अजिरकोट निर्माण गर्ने लक्ष्यका साथ तयार गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको विद्यमान आर्थिक अवस्था तथा चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु। चालु आर्थिक वर्षको जेठ मसान्तसम्म गाउँपालिकाको कुल विनियोजित बजेटमध्ये ६६.६३ प्रतिशत खर्च भएको छ। यसमध्ये चालुतर्फ ७१.२६ प्रतिशत र पूँजीगततर्फ ५९.६९ प्रतिशत खर्च भएको छ।

विषयगत क्षेत्रगत प्रगतितर्फ हेर्दाः

आर्थिक विकास क्षेत्रमा ५३.१४ प्रतिशत,

सामाजिक विकास क्षेत्रमा ७१.५१ प्रतिशत,

पूर्वाधार विकास क्षेत्रमा ६८.४५ प्रतिशत,

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४५.४६ प्रतिशत, तथा

कार्यालय सञ्चालन तथा प्रशासनतर्फ ७७.२० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडतर्फ रु. ८ करोड ३२ लाख प्राप्त हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु. ७ करोड १० लाख ४९ हजार मात्र प्राप्त भएको छ। वित्तीय समानीकरण अनुदानतर्फ अनुमान गरिएको रु. १० करोड ७३ लाख मध्ये हालसम्म रु. ९ करोड ८१ लाख २५ हजार ८ सय ५० मात्र प्राप्त भएको छ। संघीय सशर्त अनुदानतर्फ अनुमान गरिएको रु. १७ करोड ८५ लाख भने पूर्ण रूपमा प्राप्त भएको छ।

त्यसैगरी प्रदेश सरकारतर्फ राजस्व बाँडफाँड शीर्षकमा अनुमान गरिएको रु. ७६ लाख ४२ हजार मध्ये हालसम्म रु. ५७ लाख मात्र प्राप्त भएको छ भने

वित्तीय समानीकरण अनुदानतर्फ अनुमान गरिएको रु. १ करोड ४१ लाख २५ हजार पूर्ण रूपमा प्राप्त भएको छ। आन्तरिक आयतर्फ रु. ८० लाख संकलन हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु. ६५ लाख १५ हजार मात्र संकलन भएको छ।

यस वर्षको वार्षिक विकास कार्यक्रममार्फत आन्तरिक आय रु. ८० लाख संकलन हुने प्रक्षेपण गरिए पनि आर्थिक वर्षको अन्त्यसम्म लक्ष्य हासिल हुन कठिन देखिएको छ। संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान क्रमशः घट्दै जानु, गाउँपालिकालाई प्राप्त हुनु पर्ने बजेटमा कटौती हुन र आन्तरिक आय पनि प्रक्षेपणअनुसार संकलन हुन नसक्नुले गाउँपालिकाको वित्तीय क्षमता तथा वित्तीय सुशासनमा चुनौती थपिएको छ।

यद्यपि, उपलब्ध स्रोत-साधनको अधिकतम परिचालन गर्दै प्राथमिकताका आधारमा विकास आयोजना तथा सेवा प्रवाहलाई निरन्तरता दिइएको छ। आगामी आर्थिक वर्षमा आन्तरिक आय अभिवृद्धि, कर तथा राजस्वको दायरा विस्तार, चुहावट नियन्त्रण, खर्चमा मितव्ययिता र प्रभावकारिता अभिवृद्धि तथा स्रोत व्यवस्थापनलाई थप सुदृढ बनाउँदै गाउँपालिकाको वित्तीय आत्मनिर्भरता र दिगो आर्थिक क्षमता विकासमा विशेष जोड दिइनेछ।

**सभाध्यक्ष महोदय,**

अव म स्थानीय अर्थतन्त्र र हाम्रो बजेट प्रणालीमा देखिएका मुख्य मुख्य चुनौती र अवसरहरुको संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

**चुनौती**

- सीमित आन्तरिक राजस्व तथा संघ-प्रदेश सरकारको वित्तीय हस्तान्तरणमा उच्च निर्भरता।

- विकास आयोजना तथा कार्यक्रमहरूको समयमै कार्यान्वयन हुन नसक्नु।
- पुँजीगत खर्च अपेक्षाअनुरूप हुन नसक्नु तथा बजेट कार्यान्वयनमा ढिलाइ हुनु।
- सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन प्रक्रियामा देखिने जटिलता।
- उत्पादन, उत्पादकत्व तथा रोजगारीमा अपेक्षित वृद्धि हुन नसक्नु।
- युवा जनशक्तिको वैदेशिक पलायन तथा दक्ष जनशक्तिको अभाव।
- जलवायु परिवर्तन, प्राकृतिक विपद् तथा वातावरणीय जोखिमको बढ्दो प्रभाव।
- बढ्दो नागरिक अपेक्षाअनुसार सीमित स्रोत-साधनबाट सेवा प्रवाह र विकास व्यवस्थापन गर्नुपर्ने अवस्था।

**अवसरहरु**

- उच्च मूल्यका कृषि उपज, पशुपालन, जडीबुटी तथा स्थानीय उत्पादनको व्यावसायीकरण मार्फत उत्पादन, उत्पादकत्व र आयआर्जन वृद्धि गर्ने प्रशस्त सम्भावना।
- सिरानडाँडा, नागेपोखरी, दूधपोखरी, तपिमाडी लगायतका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, विकास र पर्यटन प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने अवसर।
- स्थानीय स्रोत, सीप, प्रविधि र सम्भावनामा आधारित उद्यमशीलता विकास, स्वरोजगार सिर्जना तथा लघु, घरेलु र साना उद्योग विस्तार गर्ने सम्भावना।
- युवा जनशक्तिको सीप, नवप्रवर्तन र आधुनिक प्रविधिको उपयोगमार्फत उत्पादनमूलक क्षेत्रमा लगानी तथा रोजगारी विस्तार गर्ने अवसर।
- सूचना प्रविधिमा आधारित सुशासन, डिजिटल सेवा प्रवाह तथा सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्ने सम्भावना।
- संघ, गण्डकी प्रदेश, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारहरुसंग सहकार्य, साझेदारी र लगानी विस्तार गर्ने अवसर।

- प्राकृतिक स्रोत-साधनको दिगो उपयोग, पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण तथा राजस्वको दायरा विस्तारमार्फत गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने सम्भावना।

**सभाध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरहरूलाई मध्यनजर गर्दै तीनै तहका सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार तथा समुदायबीचको सहकार्य र साझेदारीलाई सुदृढ बनाई उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर विस्तार गर्ने, स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने, गुणस्तरीय आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गर्ने र समावेशी एवं दिगो आर्थिक वृद्धिको आधार तयार गर्ने दिशामा प्रस्तुत बजेट केन्द्रित रहेको छ। साथै सार्वजनिक स्रोत-साधनको मितव्ययी, प्रभावकारी र परिणाममुखी परिचालन गर्दै विकासका अवसर र प्रतिफलको न्यायोचित वितरणमार्फत सामाजिक तथा आर्थिक असमानता न्यूनीकरण गर्ने उद्देश्यका साथ बजेटका उद्देश्य र प्राथमिकताहरू निर्धारण गरेको छु।

**बजेटका उद्देश्यहरू**

१. सामाजिक तथा आर्थिक रूपान्तरणमार्फत समृद्ध अजिरकोट निर्माण गर्नु।

२. उत्पादन, उत्पादकत्व, उद्यमशीलता र रोजगारी अभिवृद्धिमार्फत गरिबी न्यूनीकरण गर्दै स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउनु।

३. कृषि, पशुपालन, पर्यटन, जडीबुटी तथा स्थानीय उत्पादनको व्यवसायीकरण गरी आयआर्जन र आत्मनिर्भरता अभिवृद्धि गर्नु।

४. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा तथा आधारभूत सेवामा नागरिकको सहज र समतामूलक पहुँच सुनिश्चित गर्नु।

५. दिगो, सुरक्षित र व्यवस्थित भौतिक पूर्वाधार विकास तथा वातावरण संरक्षण, जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरणलाई प्रवर्द्धन गर्नु।
६. सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता, वित्तीय अनुशासन, सुशासन, जवाफदेहिता तथा प्रविधिमैत्री सेवा प्रवाहलाई सुदृढ बनाउनु।

**बजेटका प्राथमिकताहरू**

१. कृषि, पशुपालन,उर्जा, पर्यटन, स्थानीय उत्पादन, उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन।

२. शिक्षा, स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ तथा सामाजिक विकासमा गुणात्मक सुधार।

३. रणनीतिक सडक, सिंचाइ, ऊर्जा, पर्यटन तथा अन्य आधारभूत भौतिक पूर्वाधारको निर्माण, स्तरोन्नति र दिगो व्यवस्थापन।

४. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको सशक्तीकरण र सामाजिक सुरक्षा।

५. वातावरण संरक्षण, वन तथा जैविक विविधताको संरक्षण, हरियाली प्रवर्द्धन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन।

६. स्थानीय स्रोत-साधन, सीप, प्रविधि र नवप्रवर्तनको अधिकतम उपयोग, आन्तरिक आय अभिवृद्धि, संस्थागत सुदृढीकरण, सुशासन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह।

**सभाध्यक्ष महोदय,**

अब म बजेटले लिएका उद्देश्य हासिल गर्न तपसिल बमोजिम सुधारको प्रस्ताव पेश गरेको छु।

१. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको लागि के गर्नः कसले गर्ने कहिले गर्नेः सहितको कार्ययोजना श्रावणको दोस्रो हप्ता भित्र तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ। स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने विषयगत शाखाहरुले भाद्र पहिलो हप्ता भित्र आवश्यक कार्यविधि र निर्देशिका तयार गरी कार्यपालिकाबाट पारित गरि लागु गरिनेछ।

२. तोकिएको मिति भित्रै आगामी आर्थिक वर्षको स्थानीय दररेट स्विकृत गराइ लागु गरिनेछ।

३. आयोजना कार्यान्वयनका लागि कार्तिक मसान्तभित्र सबै आयोजनाहरु सम्झौता गरि फाल्गुन मसान्त भित्र भुक्तानी सम्पन्न हुनेगरी योजना शाखा र प्राविधिकलाई जिम्मेवार बनाइनेछ।

४. कुनै पनि आयोजहरुको उचित कारण विना म्याद थप गरिनेछैन। सम्झौताको दायित्व पूरा नगरी लापरवाहीको कारण समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई प्रचलित खरिद कानुन बमोजिम दण्ड जरिवाना गरिनेछ।

५. बजेटमा उल्लेखित योजना तथा कार्यक्रमहरु कारणबस संशोधन गर्नु परेमा पौष मसान्त भित्रै गरिसक्नु पर्नेछ।

६. अनुगमन समितिबाट स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको समयतालिका वनाई निर्माण पूर्व, निर्माणाधिन अवस्था तथा निर्माण सम्पन्न भएपछि अनुगमन, मुल्यांकन, पृष्ठपोषण तथा रिपोटिङ्गको लागि प्रभावकारी अनुगमन प्राणाली विकास गरिनेछ।

७. निर्माण सामाग्रीको आपूर्ति सहज वनाउन वातावरणीय अध्ययनबाट उपयुक्त पहिचान गरिएका क्षेत्रहरुबाट तोकिएको समयमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्न सक्ने व्यवस्था मिलाइनेछ ।

८. प्रशासनीक खर्चमा मितव्ययिता कायम गरिनेछ ।

९. वित्तिय जोखिमलाई न्यूनिकरण गर्न आर्थिक अनुशासन कायम गर्दै बेरुजु न्यूनिकरण तथा फछ्यौंट गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

१०. सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना प्रविधि प्रणालीलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

११. बजेट कार्यान्वयनको प्रगतीको चौमासिक तथा अर्ध वार्षिकरुपमा समिक्षा गरिनेछ।

१२. माथि उल्लेखित नीतीगत तथा संरचनागत सुधारले बजेट कार्यान्वयनको प्रभावकारिता बढ्ने र स्थानीय अर्थतन्त्र गतिशिल हुने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय**

अब, म आर्थिक बर्ष २०८३/०८४ को लागि अजिरकोट गाउँपालिकाको अनुमानित आय-व्यय विवरण (बजेट) प्रस्तुत गर्न अनुमती चाहान्छु।

## आगामी आ.ब.२०८३।०८४ को अनुमानित आय विवरण

| क्र.सं. | स्रोत र शिर्षकहरु | रकम रु. |
|---|---|---|
| १. | संघीय समानिकरण अनुदान | १० करोड ८४ लाख |
| २. | संघीय राजश्व बाँडफाँड | ८ करोड ६४ लाख |
| ३. | संघीय सशर्त अनुदान | १९ करोड ७ लाख |
| ४. | संघीय समपुरक अनुदान | ८५ लाख |
| | संघिय विशेष अनुदान | १ करोड ४० लाख |

| | | |
|---|---|---|
| ५. | प्रदेश समानिकरण अनुदान | १ करोड ४१ लाख १ हजार |
| ६. | प्रदेश राजश्व बाँडफाँड | ७९ लाख २७ हजार |
| ७. | प्रदेश समपुरक अनुदान | ६० लाख |
| ८. | प्रदेश विशेष अनुदान | ४० लाख |
| ९. | आन्तरिक आय | १ करोड |
| १०. | आ.व. २०८२।०८३ को अ.ल्या. | २ करोड |
| | जम्मा | रु.४७ करोड २८ हजार |

**आगामी आ.व.२०८३-०८४ को प्रस्तावित व्यय विवरण**

गाउँ कार्यपालिकाको कार्यालय, मातहतका शाखाहरु, वडा कार्यालयहरु, कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरुको सञ्चालन तथा कार्यरत कर्मचारीहरुको व्यवस्थापन र विविध विषय क्षेत्रमा हुने चालु प्रकृतिका कार्यक्रमहरु तर्फ रु. ३२ करोड २८ लाख ७१ हजार (कुल व्ययको ६८.६९ प्रतिशत) चालु खर्च र विकास कार्यहरुको लागि रु. १४ करोड ७१ लाख ५७ हजार (कुल व्ययको ३१.३१ प्रतिशत) पुँजिगत तर्फ विनियोजन गरिएको छ ।

## सभाध्यक्ष महोदय,

अब म आ.व २०८३/०८४ लागि संघ विशेष, संघ समपुर, प्रदेश विशेष, प्रदेश समपुर र विषयगत क्षेत्रहरुमा विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु।

संघीय सरकार विशेष अनुदान तर्फ भच्चेक आधारभूत अस्पताल स्तरउन्नती तथा प्रविधिमैत्री स्वस्थ्य सुदृढीकरण कार्यक्रममको लागि १ करोड ४० लाख विनियोजन भएको छ। त्यसै गरि प्रदेश बिषेश अनुदान अन्तरगत प्रदेश सरकारबाट

भच्चेक माध्यमिक शैक्षिक सुधार तथा आवास विद्यालय सहयोग कार्यक्रममको लागि रु ४० लाख रकम विनियोजन भएको छ।

संघिय सरकार समपुरक अनुदान तर्फ घ्याच्चोक- बाँसकोट- तुर्ती देवलश्वरा धनसीरा सडक स्तरोन्नतीका लागि गाउँपालिकाबाट रु. ५५लाख र संघ सरकारबाट रु. ८५ लाख गरि जम्मा १ करोड चालिस लाख विनियोजन भएको छ। त्यसै गरि प्रदेश सरकार समपुरक अनुदान तर्फ कुसुण्डे-मादले- फाल्पु सडक स्तरोन्नतीका प्रदेश सरकारवाट अनुदान रकम रु. ६० लाख र गाउँपालिकावाट रु ४० लाख गरि जम्मा १ करोड विनियोजन भएको छ।

## (क) आर्थिक विकास

## १.कृषि

आगामी आ.व. २०८३/०८४ मा कृषि क्षेत्रलाई थप उत्पादनमुखी, व्यवसायिक, आधुनिक तथा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन्। अजिरकोट गाउँपालिकाको कृषि क्षेत्रको समग्र विकासका लागि रु. १ करोड १४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ। यस अन्तर्गत "हाम्रो जात, हाम्रो गौरव" अभियानमार्फत रैथाने बाली तथा स्थानीय पशुपन्छी जातको संरक्षण र प्रवर्द्धन, उत्पादनमा आधारित अनुदान, एक वडा-एक उत्पादन कार्यक्रम, बाँझो जमिन उपयोग, उच्च मूल्यका नगदे बाली प्रवर्द्धन, माटो परीक्षण तथा सुधार, कृषि यान्त्रिकीकरण, साना सिँचाइ तथा कृषि पूर्वाधार विकास, कृषि उपज संकलन केन्द्र, कृषि एम्बुलेन्स, कृषि तथा पशुपन्छी हाटबजार सञ्चालन, शीत भण्डार निर्माण, किसानको क्षमता विकास, उत्पादनको भण्डारण, प्याकेजिङ तथा बजारीकरण, साथै आलु, प्याज, खुर्सानी, बेसार, अदुवा, किवी, स्याउ लगायतका बालीमा आत्मनिर्भरता तथा व्यावसायीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्।

## २. पशुपालन

पशुपालन क्षेत्रलाई व्यवसायिक, उत्पादनमुखी तथा प्रतिस्पर्धी बनाउँदै दूध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन्। अजिरकोट गाउँपालिकाको पशुसेवा क्षेत्रको समग्र विकासका लागि रु. ५१ लाख बजेट विनियोजन गरिएको छ। यस अन्तर्गत गोठ तथा खोर सुधार, उन्नत नस्ल विस्तार, कृत्रिम गर्भाधान सेवा, उत्पादनमा आधारित प्रोत्साहन तथा दुग्ध व्यवसाय प्रवर्द्धन, निजी, समूह तथा सहकारीमार्फत सञ्चालित पशुपन्छी तथा मत्स्य फार्मको स्थापना तथा स्तरोन्नतिमा लागत साझेदारी, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, स्वास्थ्य शिविर तथा नियमित खोप कार्यक्रम सञ्चालन गरिनेछ। साथै नियमित अनुगमन, मूल्याङ्कन र सुशासनमार्फत पशुपालन व्यवसायलाई रोजगारी, आयवृद्धि र आत्मनिर्भर अर्थतन्त्रको आधारका रूपमा विकास गरिनेछ।

## ३. पर्यटन विकास

आगामी आ.व. २०८२/०८३ मा अजिरकोटलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्न युवा लक्षित पर्यटन स्टार्टअप अनुदान कार्यक्रम, पर्यटकीय पदमार्ग स्तरोन्नति तथा साइनेज व्यवस्थापन, भच्चेक थानी पार्कको संरक्षण तथा सौन्दर्यीकरण कार्य सञ्चालन गरिनेछ। साथै सार्वजनिक–निजी साझेदारी (PPP) मार्फत पर्यटन पूर्वाधार विकास र गतिविधि सञ्चालनलाई प्रोत्साहन गरिनेछ। उक्त कार्यक्रमका लागि रु. ५८ लाख बजेट विनियोजन गरिएको छ।

## ४. सहकारी

सहकारी क्षेत्रलाई प्राथमिकता दिदै वास्तविक उत्पादक, उपभोक्ता तथा श्रमिक वर्गको हीतको लागि सहकारी क्षमता अभिवृद्धि कार्यक्रम र सहकारी संस्थाहरुको नियमन, मुल्याङ्कन कार्यक्रमको लागि ४ लाख बजेटको बिनियोजन गरिएको छ।

### ५. रोजगार, सिप तथा उद्यमशिलता विकास

आगामी आ.व. २०८३/०८४ मा स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित रोजगारी सिर्जना तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई प्राथमिकता दिँदै सीप विकास, सीप परीक्षण उद्यमशीलता विकास तथा स्थानीय उत्पादनको प्रशोधन, मूल्य अभिवृद्धि र बजारीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। उक्त कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि **रु. ३१ लाख** ४७ हजार बजेट विनियोजन गरिएको छ। यस अन्तर्गत सीप विकास तथा क्षमता अभिवृद्धि तालिम, उद्यम स्थापना सहयोग, स्थानीय उत्पादन प्रशोधन केन्द्र विकास, तथा रोजगारमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। उत्पादन, उद्यम र रोजगारीबीचको समन्वय सुदृढ गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशील बनाइनेछ।

## (ख) सामाजिक विकास

### १. शिक्षा

शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, समावेशी तथा प्रविधिमैत्री शिक्षण-सिकाइ प्रणाली विकासका लागि रु. २ करोड  ५० लाख ३९ हजार विनियोजन गरिएको छ।यसअन्तरगत नमुना विद्यालय निर्माण, शिक्षक क्षमता विकास, एस. ई.ई लक्षित कार्यक्रम संचालन, शिक्षक, इसिडि सहजकर्ता, विद्यालय कर्मचारी प्रोत्साहन गरिनेछ। विपन्न तथा लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति, दिवा खाजा, शैक्षिक सामग्री सहयोग, परीक्षा सुधार, स्थानीय पाठ्यक्रम निर्माण तथा पढदै कमाउदै कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### २. स्वस्थ्य

भच्चेक आधारभूत अस्पतालमार्फत बिशेषज्ञ सेवा विस्तार, अकुपञ्चर सेवा, योग शिविर, हेल्थ क्लब निर्माण, स्वास्थ्य बीमा सुदृढीकरण, सुरक्षित मातृत्व, खोप, पोषण, प्रजनन स्वास्थ्य तथा किशोर-किशोरीमैत्री सेवा, महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास, E-HMIS प्रणाली सुदृढीकरण, घुम्ती स्वास्थ्य शिविर, निःशुल्क एम्बुलेन्स सेवा, क्यान्सर तथा दीर्घरोगको सहुलियतपूर्ण उपचार तथा संस्थागत सुत्केरी प्रवर्द्धन एवं पोषणमैत्री गाउँपालिका घोषणासम्बन्धी कार्यक्रमका लागि जम्मा रु. १ करोड १ लाख ५० हजार विनियोजन गरिएकोछ।

## ३. महिला बालवालिका तथा ज्येष्ठ नागरिक

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, महिला, दलित तथा द्वन्द्वपीडितका लागि व्यवसाय स्थापना सहयोग कोष, महिला नेतृत्व क्षमता विकास, विभिन्न सीपमूलक तालिम, अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री, क्षमता विकास तथा पुनर्स्थापना सहायता र ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि रु ३७ लाख विनियोजन गरिनेछ।
- त्यसैगरी, बालमैत्री स्थानीय तह घोषणा, बाल संरक्षण, आर्थिक राहत कोष, बाल अधिकार संरक्षण तथा प्रवर्द्धन लगायतका कार्यक्रमका १६ लाख बजेट विनियोजन गरिएकोछ।
- दलित तथा लक्षित वर्गको लागि नमुना दलित बस्ती निर्माण, दलित युवाका लागि सीप विकास तालिम, परम्परागत व्यवसाय आधुनिकीकरण तथा जीविकोपार्जन सुधार कार्यक्रमका लागि रु २४ लाख विनियोजन गरिएकोछ।

## ४. सामाजिक,साँस्कृतिक भाषा, साहित्य, कला तथा सम्पदा

स्थानीय कला, साहित्य, सांस्कृतिक गतिविधि संचालन तथा गाउँपालिकास्तरिय संग्रहालय निर्माण कार्यलाईको लागि रु. १५ लाख विनियोजन गरिएको।

**५) युवा, खेलकुद तथा नवप्रवर्धन**

## (ग) पुर्वाधार विकास :

१. आर्थिक वृद्धि र आर्थिक विकासको पूर्वसर्तको रुपमा रहने वडास्तरिय आयोजना र भौतिक पूर्वाधार विकास अन्तर्गत सडक, खानेपानी, भवन, उर्जा, संचार जस्ता क्षेत्रहरुको लागि कुल ४ करोड ९७ लाख बजेट विनियोजन गरेको छु।

२. गाउँपालिका भित्र यातायात संचालनको दृष्टिकोणले महत्वपूर्ण रहेका काफलडाँडा-बुद्धसिंहटार सडक, सिरानडाँडा- सिस्ने अपुन- ओलाङ सडकखण्ड तथा अन्य सबै सडकको सवारी आवागमनलाई सर्वयाम सहज तुल्याउँ तथा मनशुनजन्य विपद्को कारण हुने अवरोधलाई हटाउन आवश्यक बजेट विनियोजन गरेको छु।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन :**

वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, वृक्षारोपण कार्यक्रम, प्रकोप व्यवस्थापन कोष, वातावरण तथा विपद् व्यवस्थापन कार्यक्रम तथा योजनाहरुको लागि रु. ६० लाख ५० हजार विनियोजन गरेको छु।

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह

१. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन मार्फत लोकतन्त्रका आदर्शहरुको संरक्षण, लाभहरुको न्यायोचित वितरण, नागरिकमैत्री सेवा प्रवाह गर्न सकिएमा स्थानिय सरकार प्रति नागरिकको अपनत्व, विश्वास र सहकार्यको विकास हुन्छ भन्ने विश्वास लिएको छु । मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,

आन्तरिक र अन्तिम लेखा परिक्षण, वेरुजु फर्छ्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग र अन्तरनिकाय समन्वय जस्ता क्षेत्रको लागि रु. ४४ लाख ८५ हजार विनियोजन गरेको छु।

२. वडा स्तरका मेलमिलाप केन्द्रको सुदृढीकरण, निःशुल्क कानुनी परामर्श सेवा, न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि, न्यायिक सेवाको डिजिटल व्यवस्थापन तथा इजलास व्यवस्थापनमार्फत नागरिकको न्यायमा सहज, छिटो र विश्वसनीय पहुँच सुनिश्चित गर्न १० लाख बजेट विनियोजन गरेकोछु।

३. गाउँपालिकाको सूचना प्रविधि क्षेत्रको सुदृढीकरण तथा डिजिटल सुशासन प्रवर्द्धनका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु।

४. गाउँपालिकाको दैनिक प्रशासन सञ्चालन, कर्मचारीको तलब-भत्ता तथा सेवा सुविधा, कार्यालय व्यवस्थापन, इन्धन, मर्मत-सम्भार, सञ्चार, विद्युत्, कार्यालय सामग्री, सरसफाइ, सूचना अनुगमन तथा अन्य प्रशासनिक खर्च व्यवस्थापनका लागि जम्मा रु. ९ करोड २५ लाख बजेट विनियोजन गरेको छु। करार कर्मचारीहरुलाई समेत महंगी भत्ता प्राप्त गर्ने गरि बजेट विनियोजन गरेकोछु।

**सभाध्यक्ष महोदय,**

उल्लिखित क्षेत्रगत बाँडफाँटको विस्तृत विवरण अनुसूचीहरूमा समावेश गरिएको छु। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित योजनागत बजेट बाँडफाँट वार्षिक विकास कार्यक्रममा समावेश गरिएकोछु। चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको यथार्थ आय-व्यय तथा आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय-व्यय विवरण विनियोजन विधेयकमा समावेश गरिएको छ। कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक, २०८३ मा समावेश गरिएको छ। राजस्व परामर्श समितिको सिफारिसका आधारमा आगामी आर्थिक वर्षका लागि करका दरहरूमा

समयानुकूल सामान्य हेरफेर तथा थपघट गरिएको छ। प्रस्तावित कर तथा दस्तुर २०८३ साउन १ गतेदेखि लागू हुने व्यवस्था गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**सभा सदस्य ज्युहरु,**

सिमित स्रोत र साधनको प्रयोगबाट जनताका आशा, अपेक्षा र आकाङ्क्षालाई व्यवहारमा रूपान्तरण गर्दै समृद्ध, आत्मनिर्भर, सुशासित र समावेशी अजिरकोट निर्माण गर्ने ऐतिहासिक अवसर हाम्रो सामु रहेको छ। यस अवसरलाई सार्थक बनाउन हामी सबैले इमान्दारिता, जिम्मेवारी, पारदर्शिता र समर्पणका साथ आ-आफ्नो दायित्व निर्वाह गर्ने दृढ संकल्प गर्न आवश्यक छ। स्थानीय सरकारप्रति नागरिकले व्यक्त गरेको विश्वास र अपेक्षालाई आत्मसात् गर्दै जनप्रतिनिधिका रूपमा हामी जनताको हित, विकास र समृद्धिका लागि निरन्तर प्रतिबद्ध रहनेछौं।

**अन्त्यमा,** यस बजेट तर्जुमा प्रक्रियामा मार्गदर्शन गर्नुहुने गाउँसभाका अध्यक्षज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाबाट प्राप्त अमूल्य सुझाव, सहयोग र रचनात्मक सल्लाहप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो बजेट कार्यान्वयनमा सबै सरोकारवालाहरुको रचनात्मक सहयोग रहने विश्वास लिएको छु।

"न्यानो अभिबादन सहित  धन्यबाद"

अनिता भुजेल (गाउँपालिका उपाध्यक्ष )
अजिरकोट गाउँपालिका
मिति २०८३ साल असार १० गते बुधबार

आज्ञाले,
ज्ञानुराम पन्थी
प्रशासकीय अधिकृत